लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका(देउखुरी), नेपाल

पत्र संख्या :२०८१/०८२
चलानी नम्बर : ४८७

## विषयः घर भाडामा लिने सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१।११।०५

सामाजिक विकास मन्त्रालय महिला समुत्थान परियोजना कार्यक्रम कार्यान्वयनका लागि घर भाडामा लिनु पर्ने भएकोले तपसिलमा उल्लेख भए बमोजिमको घर भाडामा दिन ईच्छुक घरधनिले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा घर भाडाको रकम सहितको निवेदन यस मन्त्रालयमा दर्ता गर्नु हुन सूचना प्रकाशित गरिएको छ।

तपसिलः-

१. राप्ती गाउँपालिका क्षेत्रभित्र मन्त्रालय देखि बढिमा ५ कि.मी. हुनुपर्ने।

२. मुख्य सडकबाट दाँयाबाँया ५०० मिटर भित्र मोटर जाने बाटो भएको हुनुपर्ने ।

३. भाडामा दिन चाहेको भवन हलसहित न्यूनतम १० कोठा भएको हुनुपर्ने ।

४. फरक फरक भवन भए प्रति भवन न्युनतम ५ कोठा हुनुपर्ने ।

५. फरक फरक भवनका हकमा छुट्टाछुट्टै घर धनीले समेत पेश गर्न सक्ने।

६. घरभाडा घर जग्गा भाडा निर्धारण समिति (Rent Committee) को निर्णयानुसार हुने ।

७. भवन भएको स्थानमा कम्पाउण्ड सहितको गाडी तथा मोटरसाइकल पार्किङ स्थल भएको हुनुपर्ने ।

८. भाडामा दिन चाहेको भवनमा पानी, बिजुली तथा शौचालयको राम्रो व्यवस्था भएको हुनुपर्ने ।

९. घरधनीले पेश गर्नुपर्ने कागजातहरुः

   (क) घर भाडामा दिने सम्बन्धी निवेदन,

   (ख) घरधनीको नागरिकताको प्रतिलिपी,

   (ग) घरधनीको जग्गाधनी पूर्जाको प्रतिलिपी,

   (घ) आ.व.२०८०/०८१ सम्म घर जग्गाको तिरो तिरेको रसिद र

   (ङ) घर निर्माण सम्पन्न सम्बन्धी आधिकारिक कागजात

१०. घरभाडा भुक्तानी लगायतका अन्य शर्तहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

११. थप कुराको जानकारी आवश्यक भएमा मन्त्रालयमा सोझै आई बुझ्न सकिनेछ ।घरभाडामा लिने नलिने अन्तिम अधिकार मन्त्रालयमा निहित रहने छ ।

२०८१।११।०५

वरिष्ठ उप-सचिव

" समृद्ध लुम्बिनी-आत्मनिर्भर प्रदेश "

Email: mosdfive@gmail.com website: mosd.lumbini.gov.np Phone No: 082590461, 082590462